CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजेन्द्रमोक्ष

भागवतान्तर्गत मूलसंस्कृत र श्लोकबद्ध

भाषानुवाद

लेखक

श्री. कृष्णप्रसाद रेग्मी

गौरीघाट

प्रकाशिका

नारायणी देवी

ज्ञानेश्वर

मू० श्रद्धा

वि. सं. २०४६, छैटौं संस्करण १००० प्रति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अकालमा कल्प उसै दिखाउन
मनोहरि बालमुकुन्द भैकन ।
चुस्ने निजाङघ्री वटपत्रमा सुती
नमो नमो रक्षकमा सँधैभरी ।।

कृष्णप्रसाद रेग्मी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

* श्री जयदुर्गे *

भूमिका

करारविन्देन पदारविन्दं
मुखारविन्देऽभिनिवेशयन्तम् ।।
वटस्य पत्रस्य पुटे शयानं
बालं मुकुन्दं मनसा स्मरामि ।।

यो गजेन्द्र स्तुति श्रीमद्भागवतको अष्टम स्कन्धको तृतीय अध्यायमा पर्दछ । बिहान सबेरै जसले पाठ गर्छ त्यसलाई देहान्त समयमा सद्बुद्धि दी परमेश्वरको याद परमेश्वरले नै गराई बक्सिन्छ (तेषां प्राणात्यये चाहं ददामि विमलां मतिम्) । त्यसैले यो स्तुतिको ठूलो महत्त्व छ जसमा निर्गुण तत्त्व ब्रह्मलाई प्रतिपादन गरेको छ । स्तुति भनेको ईश्वरको प्राथना हो, प्रार्थना आस्तिक मनुष्यको प्राण हो, दुःखी हृदयको आवाज हो, अनन्त भगवान्को साथ अभिन्न गराउने साधन हो । भक्तहरूमा यो सानो गजेन्द्र मोक्षको पुस्तक फेरि पनि दृष्टि गोचरण गराउन पाएकोमा सारै खुशी छु । भक्तवत्सल प्रभुले दोषको वास्ता नगरी यो मेरो स्तुति हो भनी स्वीकार गरी बक्सिएको छ । कुनै रसात्मक काव्यकला यसमा छैन तापनि जसरी माता पिताले आफ्नो बालकको तोते बोलीलाई प्यारो मानी सुनिरहन्छन् त्यस्तै यो पुस्तकको पनि बारंबार माग भइरहनु प्रभुले स्वीकृति गरी बक्सिएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजेन्द्र मोक्ष स्तुति छैटौं आवृत्ति श्रीखगेन्द्रराज पाण्डेकी छोरी नानी नारायणी देवीले स्वर्गीय पिता खगेन्द्रराजज्यूको दिवंगत आत्मालाई परम शान्ति मिलोस् तथा आफ्नो पञ्चभौतिक देहावसानमा गजेन्द्र दुःख हारी भगवान् नारायणको स्मरण पाउँ भनी यो गजेन्द्र मोक्षको स्तुति पुस्तक भक्तहरूमा श्रद्धाले समर्पण गर्नुभएको छ। यस्तो धर्ममा सारै ठूलो श्रद्धा गर्ने नानी नारायणीको धर्म कर्ममा यस्तै श्रद्धा बनिरहोस् भनी परमेश्वर परमात्मामा प्रार्थना गर्दछु। हरिः ॐ तत्सत्।

प्रा. कृष्णप्रसाद रेग्मी
गौरीघाट

वि. सं. २०४६ कार्तिककृष्ण
लक्ष्मीपूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाग्मती स्तुति

श्री वाग्मती भगवती नरसिंहवाणी,
हे अम्बिके जय हवस् अमृताम्बुवाहिनी ।।
संसारको ताप र पाप नाशिनी,
लेऊ शिवे शरणमा तिमी हामीलाई ।।
सद्बुद्धि देउ जननी तिमी हामीलाई,
यो जीवनी सुखमयी र चिरायु राखी ।।
यस्तै सुकर्म गरदै दिन यो बिताउँ,
आखीर यो तन पनि तिमीमै बिसाउँ ।।
यो प्राणपन्छी जब जान तयार हुन्छ,
तिम्रो किनार जलको यही आश गर्छ ।।
स्वस्थै भएर तन मन् हरिमाथि दिंदै,
श्री राम नाम जपदै तन यो छुटोस् है ।।

।। शुभम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजेन्द्रमोक्ष

श्रीशुक उवाच—

एवं व्यवसितो बुद्ध्या समाधाय मनो हृदि ।।
जजाप परमं जाप्यं प्राग्जन्मन्यनुशिक्षितम् ।।

गजेन्द्र उवाच—

ॐ नमो भगवते तस्मै यत एतच्चिदात्मकम् ।।
पुरुषायादिबीजाय परेशायाभिधीमहि ।। २ ।।
यस्मिन्निदं यतश्चेदं येनेदं य इदं स्वयम् ।।
योऽस्मात्परस्माच्च परस्तं प्रपद्ये स्वयम्भुवम् ।।३ ।।
यः स्वात्मनीदं निजमाययार्पितं
क्वचिद्विभातं क्व च तत् तिरोहितम् ।।
अविद्धदृक् साक्ष्युभयं तदीक्षते
स आत्ममूलोऽवतु मां परात्परः ।।४।।
कालेन पञ्चत्वमितेषु कृत्स्नशो
लोकेषु पालेषु च सर्वहेतुषु ।।
तमस्तदासीद् गहनं गभीरं
यस्तस्य पारेऽभिविराजते विभुः ।।५।।
न यस्य देवा ऋषयः पदं विदु-
र्जन्तुः पुनः कोऽर्हति गन्तुमीरितुम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा नटस्याकृतिभिर्विचेष्टतो
दुरत्ययानुक्रमणः स मावतु ॥६॥
विदृक्षवो यस्य पदं सुमङ्गलं
विमुक्तसङ्गा मुनयः सुसाधवः ॥
चरन्त्यलोकव्रतमव्रणं वने
भूतात्मभूताः सुहृदः स मे गतिः ॥७॥
न विद्यते यस्य च जन्म कर्म वा
न नामरूपे गुणदोष एव वा ॥
तथापि लोकाप्ययसम्भवाय यः
स्वमायया तान्यनुकालमृच्छति ॥८॥
तस्मै नमः परेशाय ब्रह्मणेऽनन्तशक्तये ॥
अरूपायोरुरूपाय नम आश्चर्यकर्मणे ॥९॥
नम आत्मप्रदीपाय साक्षिणे परमात्मने ॥
नमो गिरां विदूराय मनसश्चेतसामपि ॥१०॥
सत्त्वेन प्रतिलभ्याय नैष्कर्म्येण विपश्चिता ॥
नमः कैवल्यनाथाय निर्वाणसुखसंविदे ॥११॥
नमः शान्ताय घोराय मूढाय गुणधर्मिणे ॥
निर्विशेषाय साम्याय नमो ज्ञानघनाय च ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षेत्रज्ञाय नमस्तुभ्यं सर्वाध्यक्षाय साक्षिणे ।।
पुरुषायात्ममूलाय मूलप्रकृतये नमः ।।१३।।
सर्वेन्द्रियगुणद्रष्ट्रे सर्वप्रत्ययहेतवे ।।
असताच्छाययोक्ताय सदाभासाय ते नमः ।।१४।।
नमो नमस्तेऽखिलकारणाय
निष्कारणायाद्भुतकारणाय ।।
सर्वागमाम्नायमहार्णवाय
नमोऽपवर्गाय परायणाय ।।१५।।
गुणारणिच्छन्नचिदूष्मपाय
तत्क्षोभविस्फूर्जितमानसाय ।।
नैष्कर्म्यभावेन विवर्जितागम-
स्वयंप्रकाशाय नमस्करोमि ।।१६।।
मादृक्प्रपन्नपशुपाशविमोक्षणाय
मुक्ताय भूरिकरुणाय नमोलयाय ।।
स्वांशेन सर्वतनुभृन्मनसि प्रतीत-
प्रत्यग्दृशे भगवते बृहते नमस्ते ।।१७।।
आत्मात्मजाप्तगृहवित्तजनेषु सक्तै-
र्दुष्प्रापणाय गुणसङ्गविवर्जिताय ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्तात्मभिः स्वहृदये परिभाविताय
ज्ञानात्मने भगवते नम ईश्वराय ।।१८।।
यं धर्मकामार्थविमुक्तिकामा
भजन्त इष्टां गतिमाप्नुवन्ति ।।
किन्त्वाशिषो रात्यपि देहमव्ययं
करोतु मेऽदभ्रदयो विमोक्षणम् ।।१९।।
एकान्तिनो यस्य न कञ्चनार्थं
वाञ्छन्ति ये वै भगवत्प्रपन्नाः ।।
अत्यद्भुतं तच्चरितं सुमङ्गलं
गायन्त आनन्दसमुद्रमग्नाः ।।२०।।
तमक्षरं ब्रह्म परं परेश-
मव्यक्तमाध्यात्मिकयोगगम्यम् ।।
अतीन्द्रियं सूक्ष्ममिवातिदूर-
मनन्तमाद्यं परिपूर्णमीडे ।।२१।।
यस्य ब्रह्मादयो देवा वेदा लोकाश्चराचराः ।।
नामरूपविभेदेन फल्ग्व्या च कलया कृताः ।।२२।।
यथार्चिषोग्नेः सवितुर्गभस्तयो
निर्यान्ति संयान्त्यसकृत् स्वरोचिषः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा यतोऽयं गुणसंप्रवाहो
बुद्धिर्मनः खानि शरीरसर्गाः ॥२३॥
स वै न देवासुरमर्त्यतिर्यङ्
न स्त्री न षण्ढो न पुमान्न जन्तुः ॥
नायं गुणः कर्म न सन्न चासन्
निषेधशेषो जयतादशेषः ॥२४॥
जिजीविषे नाहमिहामुया किं-
मन्तर्बहिश्चावृतयेभयोन्या ॥
इच्छामि कालेन न यस्य विप्लव-
स्तस्यात्मलोकावरणस्य मोक्षम् ॥२५॥
सोऽहं विश्वसृजं विश्वमविश्वं विश्ववेदसम् ॥
विश्वात्मानमजं ब्रह्म प्रणतोस्मि परं पदम् ॥२६॥
योगरन्धितकर्माणो हृदि योगविभाविते ॥
योगिनो यं प्रपश्यन्ति योगेशं तं नतोऽस्म्यहम् ॥२७॥
नमो नमस्तुभ्यमसह्यवेग-
शक्तित्रयायाखिलधीगुणाय ॥
प्रपन्नपालाय दुरन्तशक्तये
कदीन्द्रियाणामनवाप्य वर्त्मने ॥२८॥
नायं वेद स्वमात्मानं यच्छक्त्याहंधिया हतम् ॥
तं दुरत्ययमाहात्म्यं भगवन्तमितोऽस्म्यहम् ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीशुक उवाच—

एवं गजेन्द्रमुपवर्णितनिर्विशेषं
ब्रह्मादयो विविधलिङ्गभिदाभिमानाः ।।
नैते यदोपससृपुर्निखिलात्मकत्वात्
तत्राखिलामरमयो हरिरा विरासीत् ।।३०।।
तं तद्वदार्त्तमुपलभ्य जगन्निवासः
स्तोत्रं निशम्य दिविजैः सह संस्तुवद्भिः ।।
छन्दोमयेन गरुडेन समुह्यमान-
श्चक्रायुधोऽभ्यगमदाशु यतो गजेन्द्रः ।।३१।।
सोऽन्तस्सरस्युरुबलेन गृहीत आर्तो
दृष्ट्वा गरुत्मति हरिं ख उपात्तचक्रम् ।।
उत्क्षिप्य साम्बुजकरं गिरमाह कृच्छ्रान्
नारायणाखिलगुरो भगवन्नमस्ते ।।३२।।
तं वीक्ष्य पीडितमजः सहसावतीर्य
सग्राहमाशु सरसः कृपयोज्जहार ।।
ग्राहाद् विपाटितमुखादरिणा गजेन्द्रं
संपश्यतां हरिरमूमुचदुस्रियाणाम् ।।३३।।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामष्टम-
स्कन्धे गजेन्द्रमोक्षणे तृतीयोऽध्यायः ।।३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः
जय दुर्गे
हरिशरणम्

गज--स्तुति

मङ्गल् म पाउँ जननी,
वीणा स्फटिक धारिणी ।।
पुस्तक् मयूरकैं तिम्रो,
बनूँ प्रिय सधैं भरी ।।१।।

ग्राहले गजको पाउ,
समात्ता अति आत्तिदैं ।।
नाथलाई पुकारेर,
भन्दछन् यहि वाक्य नै ।।२।।

आतुर् भएको म अनाथलाई,
इ ज्ञातिबन्धू सब हात्ति आई ।।
छुटाउन् के गरि नाथ इन्ले,
शरण्महाँ पर्दछु दैव ऐले ।।३।।

यो काल सर्प भनि ठ्स्किएर,
जो जोडले धाउँछ नाथनेर ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्ता शरण्मा पनि लीन योग्य,
भक्तै जनैको सब दुःखभोग्य ।।४।।
नाशेर आफ्नो पनि साथ लीने,
हरि छ सब्को सब दुःख हर्ने ।।
यस्तो मनैमा स्थिर खूब् गरेर,
गजेन्द्रजीले अति आत्तियेर ।।५।।
त्यो पूर्वको नै जुनिमा गरेको,
अत्यन्त योग्य प्रभुको स्तुति यो ।।
सम्झेर खाली प्रभुलाई मात्र,
रोएर गर्छन् बनि धेर आर्त ।।६।।

गजेन्द्र भन्दछन्—

जो चेतना रूप हुँदा त फेरी,
संसार यो चेतन उत्नीखेरी ।।
यो दृश्य सब्को पनि आदिकारण,
ईश्वर प्रभो गर्दछु आज वन्दन ।।७।।
यो विश्व जस्मा जसबाट हुन्छ,
जस्ले त संसार स्वरूप बन्छ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो विश्वदेखी पनि जो छ टाढा,
यो जीवभन्दा अति जो छ गाढा ।।८।।

त्यस्तो स्वयंभू प्रभुको शरण्मा,
पर्छु अहीले अति आत्तिदामा ।।
आफ्नी ति माया तिनले रचेको,
कहीं प्रकाश्को कहि गुप्तरूप्को ।।९।।

दुवै अवस्थाबिच साक्षि पन्ले,
रहेर हेर्ने सब कार्य जस्ले ।।
यो कार्यनाशै दुइको त द्रष्टा,
तेस्ता हरिले गर आज रक्षा ।।१०।।

इन्द्रादि दिक्पाल् सब नाशियेर,
यो विश्व नै कालमहाँ परेर ।।
सारै तमोरूप् सब बाँकि हुँदा,
तेस्देखि पारै रहनै त जाँदा ।।११।।

सकिन्न जान्नै ऋषिदेवताले,
हामीहरुले कसरी त जान्ने ।।
जस्तो नटूवाहरूले अनेक,
स्वरूप लिंदा कसले त चिन्छ ।।१२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्न भन्नै जसको चरित्र,
रक्षा म हूँ दुर्गमले पवित्र ।।
जस्को सुमङ्गल् पद हेर्नलाई,
संसारको सङ्ग सबै छुटाई ।।१३।।

घुम्छन् मुनीश्वर् वनमा बसेका,
तेस्ता हरि नै गति दिव्य मेरा ।।
नाम् रूप कत्ति अनि जन्मकर्म,
गुण्दोष आदीहरूदेखि भिन्न ।।१४।।

छौ तापनि यो सब विश्वलाई,
रचेर नास्ने गरछौ नि खाली ।।
आफ्नी ति माया लिइ जन्मकर्म,
गर्ने प्रभुमा शिरले प्रणाम ।।१५।।

अनन्तशक्ति पर ब्रह्म रूप,
अरूप भै त्यो अनि धेर रूप ।।
आश्चर्य कर्म गरने प्रभुमा,
गर्छू नमस्कार् शिरले उनैमा ।।१६।।

सब्को प्रकाशक् भइ आपुचाँहि,
स्वयं प्रकाशक् सबको त साक्षी ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाणी र बुद्धि मनदेखि टाढा,
रहन्छ त्यस्मा शिरले प्रणाम ।।१७।।

यस्तै भए तापनि पण्डितैले,
त्यो शुद्ध कर्मैफल त्यागनाले ।।
पाइन्छ जो नाथ् प्रभु मोक्ष धाम-
लाई म गर्छू शिरले प्रणाम ।।१८।।

मोक्षैहरूको सब सौख्य भोग्ने,
हरे हजूर्को म छु पाउ पर्ने ।।
विडम्ब गर्ने गुणधर्मखाली,
जस्देखि उत्तम् अरू छैन कोई ।।१९।।

त्यो शान्त रूप्को अनि घोररूप्को,
त्यो मूढरूप्को अतिज्ञान रूप्को ।।
त्यो साम्यरूप्को प्रभुलाई खाली,
गर्छु नमस्कार् शिर यो झुकाई ।।२०।।

स्वामी सबैको परमात्मरूप,
जीवस्वरूपी सब साक्षिरूप ।।
त्यो पूर्णरूपी अतिहेतु रूप-
लाई नमस्कार छ धेर खूप ।।२१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई इन्द्रियैका विषयै जती हुन्,
द्रष्टा सबैको प्रभुलाई भन्छन् ।।
स्पर्शादिवृत्तीहरूको त हेतु,
असत्यदेखि पनि जो छ मेतु* ।।२२।।
जस्तै त छायाहरू देखिदामा,
वस्तु यही हो भनि जान्नमाहाँ ।।
सकिन्छ तेस्ता प्रभुनाथलाई,
बिन्ती म गर्छु शिर यो नुहाई ।।२३।।
हेतू सबैको अनि आफुचाहीं,
कारण् नभै अद्भुत कार्यसाक्षी ।।
जस्तो नदीले ति समुद्रलाई,
प्राप्तै त गर्छन् अति वेग् बहाई ।।२४।।
तेस्तै गरी वेद र पाञ्चरात्र,
प्रभो हजूर्मा पुगि हुन्छ शान्त ।।
मोक्षस्वरूपी अति उत्तमैमा,
गर्छु नमस्कार् शिरले उनैमा ।।२५।।
काठ्रूप गुण्ले भइ ढाकिएको,
चैतन्य आगो भई आफु जो हो ।।

* यस्तै भनी अनुमान गर्न सकिने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रपञ्चि तो गुण्हरूको त कार्यमा,
व्याप्तै हुने चेतन रूप सबमा ।।२६।।

यो आत्म तत्वै अनुभवहरूमा,
खाली भएका जति शास्त्र सबमा ।।

आफनै प्रकाशले रहने हजूर,
लाई नमस्कार छ धेर धेर ।।२७।।

जती भजस्ता पशुछन् प्रपञ्च,
अज्ञान पाशो तिनको त काट्न ।।

मुक्तैस्वरूपी करुणानिधान,
आलस्यले होन सुधासमान ।।२८।।

जो अन्तरात्मा सबमा झलक्क,
ई जीव सबमा हुकुमी समर्थ ।।

सम्पूर्ण वस्तुहरूमा त टम्म,
हुने प्रभुका पदमा प्रणाम ।।२९।।

सर्वान्तरात्मा प्रभु नै भए पनि,
स्त्रीपुत्र देहादि वृथाभिमानी ।।

जो मोहमा मग्न भई रहन्छन्,
तिनले कहिल्यै पनि पाउँदैनन् ।।३०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्गुण भएता पनि कार्य गर्ने,
समर्थ आत्मा सब रूप हूने ।।
यो देहमा क्यै प्रिय नै नगर्ने,
तेस्ता जनैले अनुभव गरीने ।।३१।।

ईश्वर प्रभुमा म त एक खाली,
गर्छु नमस्कार शिर यो झुकाई ।।
धमार्थ मोक्षै सब कामनाले,
युक्तै भएरै तनमन् दिनाले ।।३२।।

मनले रचेको सब कामनाको,
भन्दा विशेषले फल धेर् दिने जो ।।
दयालु सारै हरिरूप देखि,
मुक्तै म हूँ यो अति दुःखदेखि ।।३३।।

हजूर बाहेक कुनै विशेषले,
जान्दै नजान्ने प्रभुका स्वजनले ।।
सबै कुराको फल आश मूल्य,
छाडी हजूरको यशकीर्ति तुल्य ।।३४।।

कथा समुद्रै बिच खूब डूबी,
गाएर मस्तै, बनने ति कोई ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दको रस्कन खूब चाटी,
मिल्छन् हजूरमा सब दुःख छाडी ।।३५।।

अनन्तरूपी सब व्याप्त आद्य,
खाली छ आध्यात्मिक योगवाद्य ।।

अव्यक्तरूपी सब आत्मसाक्षी,
स्तुती म गर्छु, सुनिदेउ यत्ती ।।३६।।

एकांशले नै सब ई चराचर,
ब्रह्मादि द्यौता सबमा बराबर ।।

नाम्रूपको भेद गरेर खाली,
सर्वत्र आफैं रहने नि फेरी ।।३७।।

जस्तै ति अग्नी अनि सूर्यबाट,
ज्वाला र कान्ती खुप फैलिदा त ।।

त्यस्तै यी गुणका मन बुद्धिद्वारा,
शरीरकार्यै उतपन्न हूँदा ।।३८।।

आखीर फेरी उहि लीन हुन्छन्,
त्यस्तै यि कार्यै जसबाट बन्छन् ।।

न स्त्री नपुंसक न पुरुष मर्त्य,
पक्षी न जन्तु नत देव दैत्य ।।३९।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नसत् नकर्म नत ह्नौ असत् नै,
निषेध गर्दा सबदेखि भिन्नै ।।
रहन्छ बाँकी सबको पछाडि,
प्रकट हुनस् त्यै अहिले अगाडि ।।४०।।
बाचुँ म भन्ने पनि यो त इच्छा,
उठ्तैन कत्ति अहिले त ज्यादा ।।
बाहिर भित्रै जसले त ढाक्का,
जानिन्न कत्ती अति मोह पर्दा ।।४१।।
त्यस्तो त जीवन पनि हस्तिमा यो,
बाँचेर हुन्छु अनि फेरि के पो ।।
यो आत्मको ज्ञान पनि ढाक्छ जसले,
त्यसदेखि मोक्ष यहि माग्छु ऐले ।।४२।।
जो विश्वरूप त्यसदेखि भिन्न,
छ तापनि उ सब सृष्टि गर्न ।।
संसार धन्नै सँगमा लिएका,
यो विश्व आत्मा निज नै बनेका ।।४३।।
ब्रह्मस्वरूपी पद श्रेष्ठलाई,
गर्छू नमस्कार शिर यो नुहाई ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो योगद्वारा सब कर्म पोली,
त्यै योगले नै मनशुद्ध धोई ।।४४।।
ति योगिजनले जसलाई भज्छन्,
समाधिद्वारा जसलाई देख्छन् ।।
उनै प्रभुमा सत एक खाली,
गर्छु नमस्कार् शिर यो झुकाई ।।४५।।
जिती नसक्नु इनि लोभ क्रोध,
उत्साह मन्त्र प्रभु शक्ति जो छ ।।
यिनीहरूले जब युक्त हुन्छन्,
योगैहरू जो अनि के त हुन्छन् ।।४६।।
इ इन्द्रियैका गुणले त देख्ने,
प्रपन्न भक्तैहरूलाई पाल्ने ।।
असत् छ ई सब् जसको त इन्द्रियै,
त्यस्ता जनैको अति दूर टाढै ।।४७।।
अगम्य सारै प्रभुनाथलाई,
गर्छु नमस्कार् शिर यो झुकाई ।।
जस्की ति माथा तिनले गरेर,
जान्दैन कत्ती मति नाशिएर ।।४८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माहात्म्य जसको कठिनै त बुझछु,
उनै प्रभुको मत पाउ पर्छु ।।
कुनै ति द्यौताहरूको विशेष,
गरेन गज्ले स्तुतिमा हमेश ।।४९।।
हरेक् किसिमका अवतार् विशेषले,
ब्रह्मादि जो हुन् सब देवताले ।।
दर्शन दिएनन् जब ती सुरैले,
सम्पूर्ण देवाश्रय नै हरिले ।।५०।।
प्रपन्न गज्को स्तुति यो सुनेर,
गरुडमा नै झटपट् बसेर ।।
स्तुति त गर्ने सब देवताले,
संयुक्त संसार निवासवानले ।।५१।।
दुःखी भएका ति गजेन्द्रलाई,
देखेर सारै अति हडबडाई ।।
जहाँ थिए गज तिहि जानलाई,
हातैमहाँ चक्र लिई उजाई ।।५२।।
खाली* पयर्ले पतगेन्द्रमाहाँ,
सवार् हुने श्रीहरिलाई ताहाँ ।।

* गजको पुकार सुन्नासाथ पाउमा खराउ र गरुडमा काठो केही पनि लागेन भन्ने कथा पुराणान्तरमा र मूलमा पनि (सहसावतीर्य) यस्तो पाठ भएकोले हतार्ले गर्दा लागनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आतँ वनेका ति गजेन्द्रजीले,
आकाश विचमा हरिलाई देखे ।।५३।।

सुँडले चढाई अनि त्यो कमल फुन्,
सारै कठिनले यहि वाक्य भन्छन् ।।
जगत्गुरो हे भगवन् समात्मन्,
नारायणैमा गर्छु म वन्दन् ।।५४।।

गज्को अवस्था अति दुःखी देखि,
गरुडको नै गति मन्द बूझी ।।
आकाशबिचमै फट्पट वर्ली,
चढाएको पङ्कज टप्प लीई ।।५५।।

चक्रै चलाई त्यसलाई मारी,
त्यो ग्राहदेखि सहजै छुटाई ।।
हेर्दाछँदा ती सब देवता नै,
गजेन्द्रलाई सरदेखि फट्टै ।।५६।।

चारैतिहात्को* पनि काम लिई,
उतारि बक्स्यो गजराजलाई ।।

* एकहातले चढाएको फुल लिवक्स्यो अर्कोहातले चक्रलाई अर्कोहातले गजलाई पाखामा फिकी अर्कोहातले शरीर सुम्सुम्याई बक्स्यो भन्ने कथा पुराणान्तर्मा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पर्श हुँदामा भगवानको नै,
बन्धन् छुटीगो सब दुःखको नै ॥५७॥

पीताम्बरादी भुजचारयुक्त,
भए तुरुन्तै सहयूज्यमुक्त ॥
उसै बखत्मा शिव ब्रह्मआदी,
सबै सुरैले जय* खुब मनाई ॥५८॥

बाजा बजाए सबरङ्गको त्यहाँ,
नाचेर गाए ऋषिवृन्दले वहाँ ॥
सिद्धै हरूले स्तुति गर्नलागे,
ती अप्सराले फूल छर्न थाले ॥५९॥

भगवान् भन्नुहुन्छ---

प्रियगज तिमीले नै जो गऱ्यौ यो स्तुतीले,
उठिकन त सबैरै पाठ गर्ने छ जसले ॥
तिनीहरू सबलाई प्राणजाने बखत्मा,
अतिशय शुभबुद्धि दिन्छु ती भक्तजन्मा ॥६०॥

एति भनेर हरिले अति होई खूसी,
त्यो पाञ्चजन्यकन जोड्सित खूब फूकी ॥

* जय भन्ने भगवान्को पार्षद भए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारा तो देवहरूको सब फौजलाई,
पारेर खूसि मनमा भइगो सवारी ।।६१।।

आत्माबोध सबै हटेर रहने,
गजको पनि देहमा ।।
पूजा श्रीहरिको हुँदा अघि अति,
भैगो स्मरण हात्तीमा ।।६२।।

हे राजन् ! गजमोक्ष कृष्णमहिमा,
भैले जति यो भनें ।।
कीर्ति स्वर्ग दिने पढेर सुनदा,
दुःस्वप्न पाप् नाशने ।।६३।।

हाईक्षुं ठेसलाग्दामा, अकस्मात् हरये नमः ।
जसले भन्छ चिच्याई, अति आर्त बनीकन ।।
उसै बखत् सबै पाप, पनि नाश भईकन ।
प्रभुको पाउ पाएर, बस्छ मग्न भईकन ।।

पतितस्खलितोवार्तं श्रुत्वा वा विवशो ब्रुवन् ।।
हरये नम इत्युच्चैर्मुच्यते सर्वपातकात् ।। (भागवत)

हरि ॐ तत्सत् श्रीमद्भागवतको गजेन्द्रस्तुति समाप्तम् ।
।। शुभम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा इन्द्रसँगको सङ्ग्राममा वृत्रासुरको उद्गार

हजूर पाउ लिन गर्छ आश
त्यस्ता जनैको वनु दास दास ।।
यो चित्तले होस् प्रभुको त सम्झना
वचन् पनि त्यै गुण गान गर्नमा ।।
सेवादि गर्न हरि मूर्ति माहाँ
शरीर लागोस् खुशि साथ वाहाँ ।।
आध्यात्मिकै यो तिन तापले नै
सञ्चीत कर्महरू वासनामै ।।
बन्धन् परेको म छु आज यस्तै
कामादिले नै अति खिन्न मन भै ।।
कमल् नयन हे प्रभुलाई ऐले
हेर्नैमाहाँ मनयो लागोस् खुसीले ।।
वच्चा वाछी स्नेहकी पत्नी जस्तै
यही आशा राख्तछु नाथ बन्नै ।।
नृदेह यो श्रेष्ठ नपाई सक्नुनि
डुङ्गा समानै गुरु माझी भै पनि ।।
हावा हरिको अनुकूल बहेको
हुँदा नतर्नु पनि आत्मघात हो ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपिनीहरू उद्धवद्वारा भगवान्‌लाई सौगात टक्र्याउनुहुन्छ

हाम्रा ई मनका वृत्ति कृष्णपादारविन्दमा ।।
बोली श्रीकृष्ण गानैमा देह यो नमनादिमा ।।
कर्मले घुमदा खेरी जती जे जन्म हुन्छ होस् ।।
धर्म दानादिले हाम्रो कृष्णमा प्रेम नै हवोस् ।।

राजा रहूगणलाई जडभरतको उपदेश

रहूगण त्यो तपले र यज्ञले
संन्यस्त भै त्यो घरवार त्यागले ।।
ति पाठ पूजा जल अग्निसेवले
पाइन्न त्यो मिल्दछ भक्तसङ्गले ।।
रहूगण ह्वौ तिमी नै बटूवा
छोडी अहङ्कार गर प्राणिमा दया ।।
श्रीकृष्णकी भक्ति गरी तिखारी
यो ज्ञानलाई तरवार बनाई ।।
घरवारदेखि मन यो हटाई
संसारदेखि तिमी जाउ पारी ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

श्रीगणेशायनमः

शिवापराधक्षमापनस्तोत्र

पैल्हेका कर्मवस्ले मकन दुःख दियो पापले जोर गरेर,
विण्मुत्रादी अशुद्ध जननीजठरमा जाठराग्नि बलेर ॥
दिने बाधा बहूतै यति छ दुःख तहाँ, भन्न सक्ने त को भो,
माफी पाउँ म त्यो पाप शिवशिवशिवहे श्रीमहादेवशंभो ॥१॥

बालखमा दुःख सारै जिउभर मल भै, दूधको प्यास भारी,
शक्ति नै क्यै थिएन भवगुण जनित, जन्तुले टोकीमारी ॥
रुन्थें व्याधीहरूले दिक भई शिवको सम्झनापो कहाँभो, माफी० ॥२॥

पुग्दा यौवन्दशामा विषय विष लिने पाँचले मर्म ताकी–
डस्ता गैगो विवेक सुतधन युवती सोखको स्वाद चाखी ॥
शैवी चिन्ता हराई हृदय विचमहाँ मान सेखी प्रबल भो,माफी० ॥३॥

वृद्धावस्था जसै भो गतिमति सब गो तापले इन्द्रियैको–
पापी व्याधीहरूले भई शिथिल अती छैन तागत् शरीरको ॥
छूटो मोहाभिलाषमा घुमिमन शिवको ध्यान छोडीदिने भो, माफी० ॥४॥

पद्पद् पिच्छे कठोरै अतिशय कसरी गर्नु त्यो स्मार्त कर्म–
रुन्के सक्थें म ब्रह्म विषयक चतुरो गर्न त्यो श्रौत धर्म ॥
जाने धर्मै विचारले श्रवण मननको गर्नु के लौन शंभो, माफी० ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रातः कालमा न गङ्गाजल लिई शिवको स्नानलाई म आएँ,
पूजाका निम्तिमा नै दुःख सहि कहिल्यै बेलका पत्र ल्याएँ ।।
पद्मैमाला र चन्दन फुलहरू प्रभुका निम्ति ल्याइन शंभो, माफी० ।।६।।

चिनी दुध घ्यूहरूले नत दहि मधुले स्नानमा चित्त लाएँ
फुलचन्दनले न पूजा गरिकन शिवको लिङ्ग शोभित् गराएँ ।।
धुपदीप नैवेद्य कर्पुर्गरिकन कहिल्यै भक्ति लाइन शंभो, माफी० ।।७।।

सम्झी मनमा सदाशिव धनहरू कहिल्यै विप्रलाई दिइनँ
बीजमन्त्रैले हजुरको अनलबिचमहाँ लक्षहोमै गरीनँ ।।
गङ्गातिरमा नियंले तप पनि गरिन मन्त्र सम्झेर शंभो, माफी ।।८।।

स्थिरभै आसनविचैमा प्रणवममरूत्कुण्डलै जो रहेको
शान्तैरूपको दवेको कमल अति असल ज्योतिरूपी भएको,
वेदैका वाक्यमाहाँ नत घटविचका शङ्करैको स्मरण भो–माफी० ।।९।।

नाङ्गो भै सङ्ग छोडी तिनगुण सहितै मोहको नाशपारी–
टुप्पैमा नासिकाको लगिकन ति नजर्ध्यान् गरीयो न भारी ।।
हेनाथ ! गाढा विचारले नत अलि असलै रूपको सम्झनाभो, माफी ।।१०।।

गङ्गाधारी स्मरारी शङ्कर शाशी शोभित् भएका अनी
सर्प शोभित कण्ठ नेत्र विचमा आगो उठेको पनि ।।
लुगा त्यो गजचर्मको छ बढिया चौधै भुवनका धनी
शंभुको गर मुक्ति खातिर भजनछोडी अरूको पनि ।।११।।

घोडा हात्ती र राज्य धनहरू सबै ऐश्वर्यले गर्नु के
छोरा मित्र कलत्र देह पशु घर्पाएर पो हुन्छ के ।।
जानी त्यो सबथोक अनित्य मनले टाढै हटाई दिनू
आफ्नै नीति सदा लिइ गुरुवचन् श्रीशंभु नै सेवनू ।।१२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देख्तैमा विति जान्छ आयु दिन दिन यौवन उसै चालले,
फर्की त्यो दिन आउदैन कहिल्यै खायो जगत् कालले ।।
जलको छाल समान चञ्चल धन विद्युत् सरी जीवन;
रक्षा गर्नु पन्यो प्रभो मत शरण पर्छु गरी वन्दन ।।१३।।

कर चरण वचनले कर्मले देहले यो,
श्रवण नयन मनले पाप जो जो गरीयो ।।
अविहित विहितादी पाउँ लौ माफ शंभो,
जय जय करुणाकर श्रीमहादेव शंभो ।।१४।।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ श्रीः जयदुर्गे ॥

आरतिः

जय नारायण ! जय नारायण ! जय नारायण ! राम हरे !
इह भवकूपे ह्यतिपतितं मां तारय तारय कृष्ण हरे ! ॥
पुरुषोत्तम ! दीनदयालो ! जय बदरीश ! राम कृपालो ! ॥
कृष्ण ! सुदर्शन व्यापक ! भगवन् ! जय योगेश्वर ! प्राणपते ! ॥ ज०
मुनिजनरक्षक ! सीतासहित ! दण्डकारण्ये-पादचर ! ॥
जय रासेश्वर ! जय मनोमोहन ! देवकीनन्दन ! नन्दप्रिय ! ॥ ज०
निज पितुराज्ञापालक ! भगवन् ! रघुवर ! रामचन्द्र प्रभो ! ॥
जय गोपाल ! जय बलप्राण ! जय जय यशोदाप्राणप्रिय ! ॥ ज०
जय चित्रकूटे-विहरणशील ! शैलजापतिहृदयस्थित ! ॥
बालमुकुन्द ! नवनीतचौर ! गिरिधर ! श्याम गोपप्रिय ! ॥ ज०
शिवधनुभञ्जक ! मुनिमनोरञ्जक ! पापविनाशक ! नामप्रिय ! ॥
जय वृन्दावनक्रीडनशील ! प्रियतम ! हृद्य ! नाट्यप्रिय ! ॥ ज०
जय काकुत्स्थ ! सत्यप्रतिज्ञ ! जय रघुनन्दन दाशरथे ! ॥
राधारमण ! शेषशयन ! जय मधुसूदन ! लक्ष्मीपते ! ॥ ज०
आरतिरेषा रविशशिविद्युत्पावकताराः पञ्च सुकल्पाः ! ॥
आरति गाएको नारदतुंबुरू किन्नरहाहागणानटाः ! ॥ ज०
कृष्ण एष त्वयि कृष्णस्वरूपे मिलितुमिच्छति दीनपते ! ॥
पापःखलोऽयं दुष्ट इति मत्वा नहि त्यज भगवन् ! कृष्णमुरारे ! ॥ ज०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

हरिः शरणम्

अयि दीनसमुद्धरोत्सुक ! ध्रुवप्रह्लादगजादिसंस्तुत ! ।।
शबरी-मुनिदाररक्षक ! अति दुःखातुरद्रौपदीस्मृत ! ।।१।।
न धनं न बहुज्ञता विभो ! मयि नास्ति प्रभुसेवनं तथा ।।
गुणकर्मणि वञ्चितः प्रभो! भवतो दूरतरोऽस्म्यहं सदा ।।२।।
भववारिधिमग्नमादितस्तव पादाम्बुजभक्तिवर्जितम् ।।
शरणागतमात्मबालकं कृपया पालय भक्तवत्सल ! ।।३।।
भगवन्! करुणानिधे! हरे! चरणौ बिन्दुयवादिचिह्नितौ ।।
तव पूजन कर्मणिस्थिते मम प्राणा विलयन्तु चान्तरे ।।४।।
शतशो नमनं भवन्तु ते ध्वजवज्राङ्कुशयुक्तपादयोः ।।
अथवैष गुणी तवाऽगुणी कृपया तारय वा न तारय ।।५।।

हरिः ॐ तत्सत्

"कृष्ण रेग्मी"
गोरीघाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागवत पञ्चम स्कन्धको दैत्यपुत्रप्रति

प्रल्हादशिक्षा

संसारको मङ्गल दुष्ट शान्त हुन् ।। आपस्तमा बुद्धि असल विचार गरुन् ।। अहैतुकी बुद्धि अधोक्षजमहाँ, लागोस हाम्रो मनकृष्ण भजनमा ।।स्त्रीपुत्र घर्वाविषयादि वस्तुको ।। सङ्गत नहोस होस् यदि होस् भक्तको ।। जो प्राण यात्रा गरी मुक्ति लिन्छन् ।। ती भक्त जस्ता विषयी हुँदैनन् ।। सत्सङ्गबाट प्रभुको त वैभव ।। सुन्दा कथा मानसमैल त्यो सब ।। तीर्थादिभन्दा यसले पखाल्दछ ।। त्यस्तो मुकुन्द प्रभुको चरित्र छ ।। जसको छ भक्ति हरिमा अकिञ्चना ।। यहाँ सुगुण ज्ञान र धर्म बस्छन् ।। भक्ति प्रभुको नभए ति सद्गुण ।। मिल्ला कसोरि विषयी बनीकन ।। आधार सबको हरि नै यथार्थ हो ।। जस्सै छ आत्मा जल मत्स्य जातिको ।। त्यागेर यस्तो हरिलाई दम्पती ।। महत्त्व यै भो यसरी रहेपछि ।। कारण यसैले रिस राग वासना, ।। इत्यादिको मूल गृहस्थ शासना ।। त्यागेर जन्म भए मृत्युनाशक ।। नृसिंह पाउ सबले भजन गर ।।

श्रीहरिः शरणम्

मुद्रक : लुप प्रेस, वानेश्वर काठमाडौं, नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal